# नेपाल विद्युत प्राधिकरण

## प्रशासन सेवा, प्रशासन समूह, प्रशासन उपसमूह, तह–३, मिटररिडर पदको

## खुल्ला प्रतियोगितात्मक लिखित परीक्षाको पाठ्यक्रम

१. लिखित परीक्षाको विषय, पूर्णाङ्क, परीक्षा प्रणाली, प्रश्नसंख्या, अंकभार र समय निम्नानुसार हुनेछ ।

| पत्र | विषय | पूर्णाङ्क | उत्तिर्णाङ्क | परीक्षा प्रणाली | | प्रश्न संख्या | प्रति प्रश्न अंकभार | समय |
|---|---|---|---|---|---|---|---|---|
| प्रथम | सामान्य ज्ञान र सामान्य बौद्धिक परीक्षण | ५० | २० | वस्तुगत वहु बैकल्पिक प्रश्न | सामान्यज्ञान | ३० | १ | १ घण्टा |
| | | | | | बौद्धिक परीक्षण | १० | १ | |
| | | | | | सामान्य गणित | १० | १ | |
| द्वितीय | सेवा सम्वन्धी | १०० | ४० | विषयगत | छोटो उत्तर आउने प्रश्न | १६ | ५ | ३ घण्टा |
| | | | | | लामो उत्तर आउने प्रश्न | २ | १० | |

२. बस्तुगत प्रश्नमा प्रत्येक प्रश्नका चार वटा सम्भाव्य उत्तर दिइने छ । जस मध्ये एउटा सही उत्तरमा ( लोकसेवा आयोगले तोके बमोजिम) चिन्ह लगाउने वा लेख्नु पर्नेछ । गलत उत्तर बापत प्रति गलत उत्तर २० प्रतिशत का दरले अंक घटाइनेछ ।

३. प्रथमपत्र र द्वितीयपत्रको परीक्षा फरक फरक हुनेछ ।

४. परीक्षाको माध्यम नेपाली वा अंग्रेजी भाषा हुनेछ ।

५. सामान्यत: प्रत्येक इकाईबाट प्रश्नहरु सोधिनेछन् । प्रत्येक इकाईको अंकभार तोकिए बमोजिम हुनेछ । लामो उत्तर दिनुपर्ने प्रश्न एकै वा खण्ड खण्ड गरी (दुइ वा सो भन्दा बढी) सोध्न सकिनेछ ।

### प्रथमपत्र: सामान्य ज्ञान र सामान्य बौद्धिक परीक्षण (प्रशासन सेवा, तह-३ का सबै समूहका लागि)

#### १) सामान्यज्ञान :

१.१ नेपालको भूगोल: धरातलीय स्वरुपको किसिम र विशेषता, नेपालमा पाईने हावापानीको किसिम र विशेषता, नदीनाला, तालतलैया, खनिज पदार्थ सम्बन्धि सामान्य जानकारी ।

१.२ नेपालको इतिहास: किरांतकाल, लिच्छविकाल, मल्लकाल र आधुनिक इतिहासका घटनााक्रम सम्बन्धि सामान्य जानकारी ।

१.३ नेपालको सामाजिक एवं सांस्कृतिक अवस्था: प्रथा, परम्परा, धर्म, जातजाति, भाषाभाषी, संस्कृति, कला, साहित्य, संगीत, आदि ।

१.४ राष्ट्रिय महत्वका समसामयिक घटना तथा नविनतम गतिविधिहरु ।

१.५ नेपालको जलस्रोत, जलविद्युत विकास र नेपाल विद्युत प्राधिकरण सम्वन्धी जानकारी ।

#### २) सामान्य बौद्धिक परीक्षण:

२.१ शाव्दिक तार्किक परीक्षण: अनुक्रम, समरुपता, वर्गीकरण, कोडिङ□डिकोडिङ, छोडिएका अक्षर/संकेत मिलाउने ।

२.२ मात्रात्मक (संख्यात्मक वा अंक सम्बन्धी) तार्किक परीक्षण: अनूक्रम (श्रेणीक्रम), समरुपता, वर्गीकरण, छोडिएका संख्या मिलाउने, साझा गुण ।

#### ३) सामान्य गणित:

प्रतिशत, भिन्न, दशमलव, अनुपात, औषत ।

**द्वितीयपत्र - सेवा सम्वन्धी**

(क) विषयगत ज्ञान (६० अंक) (१० x५=५०, १ x१०=१०)

१. दर्ता, चलानी, पत्रहरुमा दर्ता/चलानी र फाइल नम्बर राख्नुको आवश्यकता/महत्व ।
२. फाइलिंङ्ग :- फाइल खडा गर्ने प्रकृयाहरु, फाइल राख्ने तरिकाहरु र कर्मचारीहरुको व्यक्तिगत फाइल र अन्य फाइलहरु, फाइलमा पञ्जिकाको आवश्यकता र महत्व, अनुक्रमणिका र यसको महत्व ।
३. पत्र लेख्ने तरिकाहरु (पत्र लेखनका विभिन्न ढाँचाहरु), पत्रहरुको गोपनीयता र सुरक्षा, पत्रहरुको कार्यसम्पादन ।
४. बील, भर्पाइ तथा रसीद लेख्ने तरिका र यसको आवश्यकता ।
५. जनसम्पर्क :- ग्राहक एवं कार्यालयमा आउने व्यक्तिहरु संगको सम्वन्धमा गरिने व्यवहारका तरिकाहरु, जनसम्पर्कको आवश्यकता र यसको महत्व, जनसम्पर्कमा रहने कर्मचारीमा हुनु पर्ने गुणहरु ।

६. टेलिफोन, फ्याक्स तथा फोटोकपीको आवश्यकता र महत्व ।
७. विद्युत ग्राहकहरुको वर्गीकरण ।
८. टिप्पणी : अर्थ, उद्देश्य र महत्व ।
९. आज्ञापालन, अनुशासन र कर्मचारीको हैसियतले पालना गर्नु पर्ने मर्यादा ।

(ख) कानून सम्वन्धी ज्ञान (४० अंक)

१. नेपालको प्रचलित संविधान (१ x५=५)
 (क) प्रारम्भिक
 (ख) मौलिक हक सम्वन्धी समानताको हक, स्वतन्त्रताको हक, श्रमको हक, महिला तथा बालबालिकाको हक ।

२. नेपाल विद्युत प्राधिकरण ऐन, २०४१ (२ x५=१०)
 (क) प्रस्तावना
 (ख) परिभाषा
 (ग) प्राधिकरणको स्थापना
 (घ) संचालक समितिको गठन
 (ङ) संचालकहरु
 (च) संचालकको निमित्त अयोग्यता
 (छ) प्राधिकरणको काम र कर्तव्य
 (ज) प्राधिकरणको अधिकार
 (झ) विद्युत लाइन काट्न सकिने
 (ञ) मुद्दा हेर्ने अधिकारी

३. नेपाल विद्युत प्राधिकरणको प्रचलित कर्मचारी सेवा विनियमावली (१x५=१०, १ x१०=१०)
 (क) परिभाषा
 (ख) नियुक्ति र सरुवा सम्वन्धी व्यवस्था
 (ग) बढुवा सम्वन्धी व्यवस्था
 (घ) कार्यालय समय, हाजिरी र नियमितता
 (ङ) विदा सम्वन्धी व्यवस्था
 (च) अवकाश, उपदान र निबृत्तिभरण सम्वन्धी व्यवस्था
 (छ) आचरण सम्वन्धी व्यवस्था
 (ज) विभागीय कारवाही सम्वन्धी व्यवस्था

४. विद्युत चोरी नियन्त्रण नियमावली, २०५९ (१x५=५)
 (क) विद्युत आपूर्ति वन्द गर्न सक्ने व्यवस्था,
 (ख) पुन: विद्युत लाइन जडान गर्ने व्यवस्था
 (ग) पुरस्कार सम्वन्धी व्यवस्था

५. विद्युत वितरण विनियमावली, २०६९ को परिच्छेद ३ (मिटर जाँच तथा मिटर रिडिङ्ग सम्बन्धि व्यवस्था (१x५=५)

**द्रष्टव्य:** पाठ्यक्रममा राखिएका संविधान, ऐन, नियम र विनियमहरु परीक्षा हुनु भन्दा ३ महिना अगाडी सम्म संशोधन वा खारेज भई त्यसको सट्टा हाल प्रचलनमा रहेकालाई सोही अनुरुप पाठ्यक्रममा समावेश भएको मानिने छ ।

◆